**Tribhuvan University Journal**
**Vol. 39, No. 1: 188-203, June 2024**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v39i1.66757**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# प्रकरणार्थविज्ञानमा निदर्शन र सन्दर्भन

***केशव भुसाल***

*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, काठमाडौँ*

*इमेल : keshabbhusal.tu@gmail.com*

Received Date: Aug.22, 2023 – Accepted Date :5 Oct. 2023

## लेखसार

प्रस्तुत लेख प्रकरणार्थविज्ञानसँग निबद्ध रहेको छ । यसमा प्रकरणार्थविज्ञानको मूलभूत मान्यताअन्तर्गत पर्ने निदर्शन र सन्दर्भनको अध्ययन, अनुशीलन गरिएको छ। प्रकरणार्थविज्ञानको अवधारणा प्रस्तुत गर्नु, निदर्शन र सन्दर्भनको सैद्धान्तिक चर्चा गर्नु, निदर्शन र सन्दर्भनका प्रकारहरूको वर्णन गर्नु प्रस्तुत अनुसन्धानका प्रमुख उद्देश्य रहेका छन्। यो अनुसन्धान गुणात्मक अध्ययनमा आधारित छ । यसमा द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । यस क्रममा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अधिकाधिक उपयोग गरिएको छ। साथै केही नेपाली सैद्धान्तिक सामग्रीहरूलाई पनि उपयोगमा ल्याइएको छ । यस अध्ययनबाट प्रकरणार्थविज्ञान भाषा प्रयोगको प्रसङ्गगत अध्ययनसँग सम्बन्धित रहेको, निदर्शन र सन्दर्भन कुनै वस्तु, व्यक्ति, घटना, समय वा विषय जनाउने कार्यसँग सम्बन्धित रहेका, निदर्शन र सन्दर्भनका विभिन्न प्ररूपहरू व्यवहारमा रहेका, प्रकरणपरक भाषा प्रयोगमा अर्थबोधका लागि यसबारे आवश्यकीय ज्ञान र व्यवहार अधिगत गर्नु आवश्यक रहेको लगायतका निष्कर्ष निकालिएको छ। यो अध्ययन प्रकरणार्थविज्ञाननिबद्ध निदर्शन र सन्दर्भनका सम्बन्धमा जानकारी लिन लाभदायी हुने अपेक्षा गरिएको छ । साथै यसबाट प्रारणार्थविज्ञान र यसका विभिन्न क्षेत्रमा क्रियाशील रही अन्वेषण गर्न चाहने विद्यार्थी, शिक्षक, अनुसन्धानकर्तालगायतलाई सैद्धान्तिक अवधारणा ग्रहण गर्न र त्यसको उपयोग गरी प्रयोगपरक अध्ययन विश्लेषण गर्न सघाउ पुग्ने आशा लिइएको छ ।

**प्रमुख शब्दावली** : प्रकरणार्थ, प्रकरणार्थविज्ञान, निदर्शन, निदर्शन प्ररूप, सन्दर्भन, सन्दर्भन प्ररूप

## विषयपरिचय

वस्तुतः प्रकरणार्थले प्रकरणपरक अर्थलाई र प्रकरणार्थविज्ञानले सन्दर्भ वा प्रसङ्गमा आधारित अर्थको अध्ययन गर्ने विज्ञानलाई जनाउँदछ। "यो सामाजिक सन्दर्भमा व्यक्त भाषिक अर्थको विशिष्टार्थसँग सम्बन्धित रहेको छ" (शर्मा, सन् २०११, पृ. ४) । प्रकरणार्थविज्ञान

भाषाविज्ञानका बहुविध शाखामध्येको नूतन शाखा हो । प्रकरणार्थविज्ञानलाई सन्दर्भ वा प्रसङ्गमा प्रस्तुत भाषाको अध्ययनमा आधारित सिद्धान्तका रूपमा चर्चा गरिएको पाइन्छ । भाषावैज्ञानिक मे (१९९३) का अनुसार “प्रकरणार्थविज्ञान के हो, यसलाई कसरी परिभाषित गर्ने, प्रकरणजनित भाषिक व्यवहार के हो र प्रकरणार्थविज्ञान के होइन जस्ता विषयहरूप्रति प्रकरणार्थविद्हरूमा निकै मतभेद पाइन्छ” यद्यपि यसलाई वक्ताको आभिप्रायिक अर्थको गहन अध्ययन गर्ने सिद्धान्तका रूपमा लिइन्छ ।

प्रकरणार्थविज्ञान सन्दर्भमा आधारित भाषा र त्यसको स्वरूप अध्ययन, विश्लेषण गर्ने शास्त्र हो । “यसलाई भाषिक संरचना र भाषा प्रयोगको सिद्धान्तसँग अन्तर्सम्बन्धित विषयका रूपमा व्याख्या गर्नु उपयुक्त हुन्छ” (लेभिन्सन, सन् २०१०, पृ. ९) । मिश्र र सिंह (सन् २०११) का अनुसार “भाषिक अभिव्यक्ति वा उच्चार सन्दर्भका मुख्य तीन प्रकार हुन्छन् : भाषिक, पारिवेशिक र आनुभविक” भाषिक एकाइले प्रकट गर्ने सामान्य अर्थको बोध भाषिक सन्दर्भबाट हुन्छ । यसका लागि कनै प्रसङ्ग वा पूर्वानुमानको आवश्यकता पर्दैन । मौखिक वा लिखित पाठ वा रचनाका सन्दर्भमा पहिले प्रस्तुत विषयसन्दर्भका आधारमा हुने बोधलाई पनि यसैअन्तर्गत लिइन्छ । परिवेशगत सन्दर्भबाट कुनै खास प्रसङ्गमा व्यक्त विषयवस्तुको अर्थबोध हुन्छ । यसका लागि भाषा प्रयोगको तात्कालिक परिस्थिति निकै महत्तम हुन्छ । अनुभवगत सन्दर्भ पाँच ओटा इन्द्रियसँग सम्बद्ध हुन्छ । यस सन्दर्भकले मानिसको मगजमा अन्तर्भूत अनुभवका माध्यमबाट व्यक्त आशय बोध हुने जनाउँछ । भाषागत अभिव्यक्तिका उपर्उल्लिखित तीन सन्दर्भमध्ये प्रकरणार्थविज्ञान परिवेशगत र अनुभवगत प्रसङ्गसँग निबद्ध रहेको छ ।

उसो त भाषाको आशय बोधका लागि उल्लिखित सन्दर्भ पर्याप्त नहुन पनि सक्छन् । यस प्रयोजनार्थ समाज, संस्कृति, साहित्य आदिमा आधारित अनेकन् सन्दर्भ पनि आवश्यक पर्न सक्छन् । रोस र कास्पर (सन् २००१) का अनुसार “प्रकरणार्थविज्ञान सामाजिक, सांस्कृतिक प्रसङ्गमा आधारित भएर गरिने सञ्चारसम्बद्ध कार्यको अध्ययन, विश्लेषण हो” । यसले भाषाको प्रयोग व्यवहारमा देखा पर्ने समाज, संस्कृति, आदिसम्बद्ध प्रभावको अध्ययन विश्लेषण गर्दछ । जस्तै : ऊ विद्यालयमा पढाउन गयो’ वाक्य सुन्दाबित्तिकै भाषागत प्रसङ्गका आधारमा ‘विद्यालय’ शब्दलाई वाक्यका नजिकका अन्य शब्दसँग सम्बन्धित बनाई प्रस्तुत आशय वा भावको बोध गर्न सकिन्छ । तर ‘विद्यालय’ शब्दलाई बजारको कुनै घरको भित्तामा लेखेको देखियो भने त्यसबाट विद्यालयको पूर्ववर्ती अर्थ वा व्याख्या प्रभावित हुन पुग्छ । यस प्रकरणमा विद्यालयको अर्थ भौतिक सन्दर्भसँग जोडिन पुग्दछ । जसले विद्यालय रहेको स्थान वा दिशा निर्देश गर्छ । प्रकरणार्थविज्ञानमा विद्यालय शब्दले प्रसङ्गका आधारमा प्रकट गरेको उपर्युक्त अर्थजस्तै विभिन्न सन्दर्भबाट प्रवाहित अनेकन् अर्थको व्याख्या, विवेचन गरिन्छ ।

प्रकरणपरक अर्थको समुचित व्यवहारका लागि वक्ता वा लेखकले प्रचलित अनुमान र अपेक्षामा आधारित भई भाषिक अभिव्यक्तिको प्रवाह गर्नुपर्ने हुन्छ । यसो भएमा मात्र अभिव्यक्ति बोधगम्य र सञ्चार सफल हुने मानिन्छ । युल (पूर्ववत्) का अनुसार सवारी पार्किङ स्थलमा लेखिएको पार्किङसम्बन्धी सङ्केतका आधारमा सवारी चालकले पार्क गर्न सक्ने-नसक्ने स्थितिको बोध गर्छन् भने न्युजपेपरमा प्रकाशित *baby and toddler sale* शीर्षकीय विज्ञापनबाट मानिसहरूले *बालबालिका विक्रीमा* भन्ने अर्थ नलगाई बालबालिकाका वस्त्रहरूको विक्रीसम्बन्धी प्रचारको बोध गर्छन् । त्यसो त *बाजेको सेकुवा पसल* शीर्षकको बोर्ड दृष्टिगत गर्दा मानिसहरूले *बाजेको सेकुवा पाइने ठाउँ*का रूपमा अर्थबोध नगरी समुचित अर्थ नै बोध गर्दछन् । यस दृष्टिले प्रकरणार्थविज्ञान आभिप्रायिक अर्थको अध्ययनसँग सम्बन्धित देखा पर्छ ।

प्रकरणार्थविज्ञानलाई भाषाका प्रयोगकर्ता र भाषाको प्रयोगका आधारमा अर्थको अध्ययन गरिने विषयका रूपमा पनि चर्चा गरिएको पाइन्छ । लेभिन्सन (सन् २०१०) का अनुसार "प्रकरणार्थविज्ञान प्रकार्यपरक दृष्टिकोणबाट गरिने भाषाको अध्ययन हो । जुन भाषिक संरचनाको व्याख्यामा आधारित हुँदैन" यसको आवश्यक बोधका निम्ति यससँग सम्बन्धित विभिन्न पक्षको जानकारी हुनुपर्दछ । यसअन्तर्गत पर्ने केही महत्तम पक्षहरू निदर्शन, सन्दर्भन, प्रतिज्ञप्ति, पूर्वअवधारणा, निहितार्थ, अभिव्यञ्जना, आदि । यीबारे विभिन्न विद्वान्हरूले चर्चा गरेका छन् । लिच (सन् १९८३) ले निहितार्थ सम्बन्लाई समावेशी-समावेश्य (hyponymy) सँग सम्बन्धित तुल्याएर व्याख्या गरेका छन् । प्रस्तुत अध्ययनमा यससम्बद्ध निदर्शन र सन्दर्भनबारे अध्ययन, विश्लेषण गरिएको छ । निकै थोरै मात्रामा चर्चा गरिएको यससम्बन्धी सैद्धान्तिक अवधारणाबाट प्रकरणार्थविज्ञानसम्बद्ध विविध सूचना वा जानकारी प्रवाह हुने आशा लिइएको छ ।

## अध्ययनविधि

प्रकरणार्थविज्ञानमा आधारित रही गरिएको यो अध्ययन मूलतः गुणात्मक अनुशीलनमा निबद्ध छ । यस अध्ययनमा वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययनविधि अपनाइएको छ । यसमा आवश्यक सामग्रीको सङ्कलनार्थ पुस्तकालयीय कार्यको अनुप्रयोग गरिएको छ । यस सिलसिलामा प्रकरणार्थविज्ञानमा आधारित भई चर्चा गरिएका अङ्ग्रेजी सैद्धान्तिक सामग्री र नेपाली सैद्धान्तिक सामग्रीलाई द्वितीयक स्रोतीय सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अनुसन्धानमा निदर्शन र सन्दर्भनको व्याख्या, विश्लेषण गर्दा सैद्धान्तिक तथा प्ररूपगत समीक्षण प्रक्रियालाई आत्मसात गरिएको छ । यस क्रममा सङ्कलित तथ्यलाई विभिन्न शीर्षकमा विभक्त गरी विश्लेषण गरिएको छ ।

## व्याख्या विश्लेषण

प्रकरणार्थविज्ञानमा आधारित भई तयार पारिएको प्रस्तुत लेखमा सैद्धान्तिक सामग्रीहरूको सूक्ष्म अन्वेषणबाट प्राप्त तथ्यलाई निम्नानुसारका विभिन्न उपशीर्षकमा वर्गीकृत गरी व्याख्या विश्लेषण गरिएको छ :

## प्रकरणार्थविज्ञानको परिचय

प्रकरणार्थविज्ञान भाषाको प्रयोगपरक अध्ययनसँग सम्बन्धित रहेको छ । निभिस (सन् २०१३) का अनुसार यसलाई सञ्चारका माध्यमबाट अर्थ प्रवाह गर्ने तरिकाका रूपमा लिइन्छ । यसको सम्बन्ध एकातिर सामान्य र प्रायोगिक भाषाविज्ञानका विविध शाखासँग रहेको छ भने अर्कोतिर दर्शन र तर्कशास्त्रसँग पनि यसको सम्बन्ध जोडिएको छ । रोस र कास्पर (सन् २००१) का दृष्टिमा प्रकरणार्थविज्ञान सामाजिक, सांस्कृतिक सन्दर्भमा आधारित भई गरिने साञ्चारिक कार्यको अध्ययन हो । यसले भाषिक अभिव्यक्तिलाई अर्थवैज्ञानिक मान्यताका आधारमा नभई प्रकरणार्थी मान्यताका आधारमा अनुशीलन गर्दछ । वेल्स (सन् २००१) का अनुसार भाषा साहित्यमा सन् १९६० को दशकपछि उत्पादक व्याकरण र १९७०-८० को दशकमा सङ्कथन विश्लेषण तथा प्रकरणार्थविज्ञानको प्रभाव पर्‍यो भने सन् १९९० को दशकमा आलोचनात्मक सङ्कथन विश्लेषण र संज्ञानात्मक भाषाविज्ञानको प्रभाव पर्‍यो ।

साहित्यिक कृति वा रचनाको अध्ययन विश्लेषणका लागि विभिन्न सिद्धान्तहरूको अवलम्बन गर्न सकिन्छ । सुरा (सन् २०१९) का अनुसार कुनै पनि साहित्यिक कृतिको अध्ययन विश्लेषणका लागि ध्वनिविज्ञान, वाक्यविज्ञान, अर्थविज्ञान, प्रकरणार्थविज्ञान र संज्ञानात्मक भाषाविज्ञानलाई आवश्यकीय उपकरणका रूपमा लिइन्छ भने लेखप्रक्रियात्मक, ध्वनितात्विक, रूपतात्विक र कोशीय-वाक्यात्मक तहलाई आवश्यकीय तत्वका रूपमा लिइन्छ। यीमध्ये प्रकरणार्थविज्ञानले शाब्दिक र व्याकरणिक अर्थेतर अर्थको अध्ययन विश्लेषण गर्दछ। यसमा भाषिक अभिव्यक्ति वा उच्चारको आशयलाई विभिन्न सन्दर्भ, समय, स्थान, परिवेश, वक्ता-श्रोताको सम्बन्ध आदिका आधारमा पहिचान गरिन्छ ।

कतिपय भाषावैज्ञानिकहरूले प्रकरणार्थविज्ञानलाई वक्ताद्वारा प्रेषित र श्रोताद्वारा वर्णित अर्थको अध्ययनका रूपमा चर्चा गरेको पनि पाइन्छ। यद्यपि यो प्रयोक्ताद्वारा प्रस्तुत वाक्यमा निहित शब्द, पद, पदावली, उपवाक्य र वाक्यले केकस्तो आशय प्रवाह गर्छन् सोको अध्ययन विश्लेषणमा केन्द्रित नरही ती एकाइका माध्यमबाट प्रस्तुत विचारको विवेचनमा आधारित रहेको छ। अर्थात् यसले भाषिक एकाइबाट परिवेशअनुरूप अभिव्यक्त हुने अर्थको विवेचन गर्दछ। त्यसैले "यसलाई वक्ताको मनशायगत आशयको अध्ययन गर्ने सिद्धान्तका रूपमा लिइन्छ" (युल, २००२, पृ. १२९) । यसले भाषिक रूपमा प्रकटित कुराका आधारमा अप्रकटित विचार वा भावको परीक्षण गर्दछ। अर्को शब्दमा भन्ने हो भने प्रकरणार्थविज्ञान भाषिक संरचनामा अव्यक्त आशयको बोध कसरी हुन्छ त्यसको अनुशीलनसँग निबद्ध रहेको

छ । डिमाइरजन (१९९१) का दृष्टिमा प्रकरणार्थविज्ञानले भाषाशिक्षणमा गर्ने मुख्य योगदान भनेको वास्तविक भाषा प्रयोगमा सिकारुलाई समर्थ तुल्याउनु हो । यसमा प्रवाहित आशयको अपेक्षाकृत समझका लागि आवश्यक पर्ने अनेकन् पक्षमध्ये निदर्शन र सन्दर्भनलाई निकै महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ ।

## प्रकरणार्थविज्ञानमा निदर्शन र सन्दर्भन

भाषिक अभिव्यक्ति, उच्चार, सङ्कथन वा पाठका सन्दर्भमा पूर्व वा पश्च रूपमा व्यक्त वस्तु, व्यक्ति, विषय वा सन्दर्भलाई जनाउन आउने सङ्केतकबाट सम्पादन हुने कार्यलाई निदर्शन र सन्दर्भन भनिन्छ । प्रकरणार्थविज्ञानमा यी दुबैलाई निकै महत्त्वपूर्ण मानिन्छ । यिनको चर्चा देहायबमोजिम गरिएको छ :

### (क) निदर्शन

भाषिक अभिव्यक्तिमा प्रस्तुत कुनै वस्तु, व्यक्ति वा विषयलाई जनाउने कार्यलाई निदर्शन भनिन्छ । निदर्शनलाई जनाउन अङ्ग्रेजी भाषामा Deixis (डेइक्सिस) शब्दको प्रयोग गरिएको पाइन्छ । "डेइक्सिस शब्द ग्रीक भाषाको शब्द हो जसले केही दर्साउँछ वा सङ्केत गर्छ" (लेभिन्सन, २०१०, पृ. ५४) । सङ्कथन वा पाठमा यस किसिमको भूमिका निर्वाह गर्ने भाषिक तत्त्वलाई निदर्शक भनिन्छ । निदर्शनलाई भाषिक तत्त्व र सन्दर्भपरक भाषा प्रयोगका बिचको सम्बन्ध दर्साउने कार्यका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । प्रकरणार्थी भाषिक अभिव्यक्ति बोधका सन्दर्भमा यसलाई निकै महत्त्वपूर्ण मानिन्छ ।

भाषा प्रयोगका सन्दर्भमा निदर्शनको बोध सम्बोधकले कहाँ, कहिले र कोसँग उच्चार गरेको हो भन्ने आधारमा मात्र गर्न सकिन्छ । अर्थात् यसलाई वाक्क्रिया वा वाक्घटनाको विशिष्ट सन्दर्भबाट बोध हुने मानिन्छ । निदर्शनलाई सन्दर्भन (रिफरेन्स) को खास प्रकारका रूपमा समेत उल्लेख गरिएको पाइन्छ । जुन अभिव्यक्तिको समय र स्थानमा भर पर्छ । "निदर्शनको अर्थ पाठभित्र र बाहिरबाट लिन सकिन्छ" (कटिङ, २००८, पृ. ९५) । यसलाई भाषाका माध्यमबाट सन्दर्भलाई जोड्ने सिक्रीका रूपमा उल्लेख गरिएको पाइन्छ ।

भाषिक अभिव्यक्ति वा उच्चारमा निदर्शनको कार्य सम्पादन व्यक्तिवाचक, स्थानवाचक, समयवाचक शब्दका अतिरिक्त सङ्कथन र सामाजिक सम्बन्ध निर्देश गर्ने शब्दहरूका माध्यमबाट हुन्छ । किंवा भाषिक अभिव्यक्तिमा व्यवहृत हुने म, तिमी, ऊ, उनी, यहाँ, त्यहाँ, अहिले, पछि जस्ता निदर्शक शब्दले कुनै वस्तु, व्यक्ति, स्थान वा विषय जनाउँछन् । जसबाट निदर्शनको कार्य सम्पन्न हुन्छ । यद्यपि यी निदर्शक एकाइद्वारा सङ्केतित आशय बोधका लागि भने भाषिक उच्चारको प्रसङ्ग, सम्बोधक र सम्बोधित रहेको स्थान, कुराकानीको समयलगायतबारे जानकारी हुनु पूर्वावश्यक हुन्छ । जस्तै :

तिमी भोलि यहाँ पाँच बजे आउनू ।

प्रस्तुत वाक्यमा प्रयुक्त 'यहाँ' र 'भोलि' को अर्थ बुझ्नका लागि कुराकानी भएको स्थान र समयबारे जानकारी हुनु आवश्यक हुन्छ ।

वस्तुतः निदर्शन वक्ताको भाषिक अभिव्यक्ति वा आशयलाई जोड्ने कार्य हो । लेभिन्सन (सन् २०१०) का अनुसार प्राकृतिक भाषामा निदर्शक वा डेइक्सिसको प्रयोग व्यापक रूपमा हुने गर्छ । "भाषामा कतिपय शब्दहरू यस्ता हुन्छन् जसलाई भौतिक सन्दर्भविना व्याख्या गर्न सकिँदैन । विशेषतः "भौतिक सन्दर्भले सम्बोधकको भौतिक सन्दर्भलाई जनाउँदछ" (युल १९९६, पृ. १२९) । भाषाका कतिपय वाक्यको आशय बुझ्न निकै गाह्रो हुन्छ । जस्तै : तिमी त्यहाँ गएर त्यो लिएर आऊ । यस वाक्यको आशयलाई सन्दर्भविना बुझ्न सकिँदैन । यस वाक्यमा प्रयुक्त 'तिमी', 'त्यहाँ' र 'त्यो' ले बुझाउने अर्थ बोध गर्न सन्दर्भ आवश्यक पर्छ । सन्दर्भविना बोध गर्न नसकिने यस किसिमको स्थितिलाई निदर्शन भनिन्छ ।

लेभिन्सन (सन् २०१०) का अनुसार निदर्शनमा निम्नानुसारका केन्द्र रहेका हुन्छन् :

केन्द्रीय व्यक्ति : सम्बोधक हुन्छ ।

केन्द्रीय समय : सम्बोधकले उत्पादन गरेको अभिव्यक्तिको समय हुन्छ ।

केन्द्रीय स्थान : सम्बोधकले अभिव्यक्ति प्रस्तुत गरेको स्थान हुन्छ ।

सामाजिक केन्द्र : सम्बोधकको सामाजिक स्तर हुन्छ ।

सङ्कथनको केन्द्र : अभिव्यक्ति उत्पादनका सिलसिलामा सम्बोधक पुगेको ठाउँ (अभिव्यक्त गर्ने क्रममा सम्बोधक विषयवस्तुको कहाँनिर पुगेको छ सो ठाउँ) हुन्छ ।

त्यसो त वस्तु, व्यक्ति, विषय वा सन्दर्भको दुरीका आधारमा निदर्शन दुई प्रकारका हुन्छन् :

**समीपस्थ निदर्शन :** सम्बोधकसँग निकटस्थ स्थान र समयलाई जनाउने कार्यलाई समीपस्थ निदर्शन भनिन्छ । यसका लागि यो, यहाँ, अहिले जस्ता निदर्शक शब्दको प्रयोग गरिन्छ । जस्तै : 'तिमी यहाँ आऊ ।' यस वाक्यमा प्रयुक्त 'यहाँ' ले सम्बोधकनिकट स्थान जनाएकाले यसलाई समीपस्थ निदर्शनको उदाहरण मानिन्छ ।

**दूरस्थ निदर्शन :** सम्बोधकदेखि टाढा रहेको स्थान वा समयलाई जनाउनुलाई दूरस्थ निदर्शन भनिन्छ । यसका लागि त्यो, त्यहाँ, त्यसपछि लगायतका निदर्शक शब्दको प्रयोग गरिन्छ । जस्तै : 'म त्यहाँ आउँदिन ।' यस वाक्यमा प्रयुक्त 'त्यहाँ' शब्दले सम्बोधकदेखि टाढाको स्थान जनाएकाले यसलाई दूरस्थ/दूरवर्ती निदर्शनको उदाहरण मानिन्छ ।

परम्परागत वर्गीकरणमा निदर्शनलाई तीन प्रकारमा उल्लेख गरिएको पाइन्छ : व्यक्ति निदर्शन, स्थान निदर्शन र समय निदर्शन । लियोन्स (सन् १९६८, १९७७) र फिल्मोर (सन् १९७१, १९७५) का अनुसार "सम्प्रति उल्लिखित परम्परागत प्रकारका अतिरिक्त

सङ्कथन वा पाठ निदर्शन र सामाजिक निदर्शनलाई पनि समावेश गर्न सकिन्छ" (लेभिन्सन, २०१०, पृ. ६२ मा उद्घृत) । यसअनुसार निदर्शनका निम्नलिखित पाँच प्रकार देखिन्छन् :

### *व्यक्ति निदर्शन*

भाषिक अभिव्यक्ति वा उच्चारमा सहभागी व्यक्तिलाई जनाउने कार्यलाई व्यक्ति निदर्शन भनिन्छ । भाषिक अभिव्यक्ति वा उच्चारमा यस किसिमको कार्य सम्पादन प्रथम, द्वितीय र तृतीय पुरुषले गर्छन् । जसमध्ये म, हामी प्रथम पुरुषअन्तर्गत, तँ, तिमी, तपाई, हजुर आदि द्वितीय पुरुषअन्तर्गत र त्यो, तिनी, ऊ, उनी तृतीय पुरुषअन्तर्गत पर्छन् । भाषिक अभिव्यक्ति वा उच्चारका सन्दर्भमा प्रथम पुरुषले सम्बोधकलाई, द्वितीय पुरुषले सम्बोधितलाई र तृतीय पुरुषले विषयलाई जनाउँछन् । दुरीका आधारमा अवेक्षण गर्ने हो भने प्रथम पुरुष र द्वितीय पुरुषले समीपस्थ व्यक्ति निदर्शन गर्छन् भने तृतीय पुरुषले दुरस्थ व्यक्ति निदर्शन गर्छन् ।

### *स्थान निदर्शन*

भाषिक अभिव्यक्ति वा उच्चारले सङ्केत गर्ने स्थानलाई स्थान निदर्शन भनिन्छ । स्थान निदर्शन वाक्क्रिया वा वाक्घटनामा संलग्नको स्थान जनाउने एकाइका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । सङ्कथन वा पाठमा यस किसिमको कार्य सम्पादन गर्न यो, यी, यहाँ, त्यो, ती, त्यहाँ जस्ता स्थान निदर्शक शब्दहरू प्रयोगमा आउँछन् । स्थान निर्देश गर्ने यी भाषिक एकाइहरूमध्ये यो, यी यहाँले समीपस्थ र त्यो, ती, त्यहाँले दूरस्थ निदर्शनको काम गर्दछन् । जस्तै : म यो सहर छाड्दैछु - समीपस्थ स्थान निदर्शन । त्यहाँ मौसम कस्तो छ ? - दूरस्थ स्थान निदर्शन ।

### *समय निदर्शन*

भाषिक अभिव्यक्ति वा उच्चारले जनाउने समयलाई समय निदर्शन भनिन्छ । यसलाई भाषिक अभिव्यक्ति वा उच्चार व्यक्त गरिएको समयका रूपमा पनि लिने गरिन्छ । सङ्कथन वा पाठमा यस किसिमको भूमिका निर्वाह गर्न समयवाची भाषिक एकाइहरू प्रयोगमा आउँछन् । जसअन्तर्गत आज, यस समयमा, आजभोलि, हिजो, अस्ति, गतवर्ष, त्यस समयमा लगायतका भाषिक एकाइहरू पर्दछन् । समय निदर्शनलाई दुरीका आधारमा हेर्दा आज, यस समयमा, आजभोलि जस्ता एकाइले समीपस्थ र भोलि, हिजो, पर्सि, गतवर्षजस्ता एकाइले दुरस्थ समय निदर्शन गर्दछन् । लेभिन्सन (१९८३) का अनुसार "एक अमेरिकी भाषा 'chinantec' मा एउटै शब्द 'today' ले चार ओटा दिन जनाउँदछ" (ह्याच, १९९४, पृ. २१७ मा उद्घृत) । त्यसो त हिन्दीमा पनि हिजो र भोलिलाई जनाउने एउटै शब्द (कल) को प्रयोग गरिन्छ । यस्तो अवस्थामा सङ्केतित समयलाई स्पष्ट रूपमा बोध गर्न सन्दर्भको आवश्यकता पर्ने हुन्छ । म अहिले नेपाल छु । भोलि अमेरिका जाँदैछु । यस उदाहरणमा प्रयुक्त अहिले र भोलि समय निदर्शक हुन् । जसबाट समय निदर्शन भएको छ ।

### *सङ्कथन निदर्शन*

भाषिक अभिव्यक्ति, सङ्कथन वा पाठमा निहित अंश जनाउनुलाई सङ्कथन निदर्शन भनिन्छ । "यसले भाषिक अभिव्यक्तिमा प्रस्तुत हुने केही आभिव्यक्तिक अंशलाई जनाउँदछ" (लेभिन्सन, २०१०, पृ. ८५) । भाषिक अभिव्यक्ति वा उच्चारमा यस किसिमको भूमिका निर्वाह गर्ने निश्चित भाषिक एकाइहरू हुन्छन् । जसअन्तर्गत यो, त्यो, अन्तिम अनुच्छेद, तलको पाठ आदि पर्छन् । यसबाट सम्बोधकले व्यक्त गरेको भाषिक अभिव्यक्तिको सिलसिलागत स्थान जनाउने कार्य सम्पन्न हुने मानिन्छ । यसलाई पाठ निदर्शनका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । "सङ्कथन निदर्शनले साङ्कथनिक प्रसङ्ग वा सन्दर्भलाई निश्चित मार्ग वा बाटोमा राख्ने काम गर्दछ" (ह्याच १९९४, पृ. २१९) ।

लेभिन्सन (२०१०) का अनुसार सङ्कथन निदर्शनमा समय वा स्थान जनाउने निदर्शक एकाइको पनि प्रयोग हुन सक्छ तर भिन्न रूपमा । उनका अनुसार यसअन्तर्गत समय वा स्थान जनाउने शब्दको प्रयोग सङ्कथनांश दर्साउनका लागि गरिन्छ । जस्तै : गतहप्ता, अर्को विहीवार, अन्तिम अनुच्छेद, अर्को पाठ आदि । यसमा दर्शकवाचक स्थान निदर्शक 'यो' को प्रयोग सङ्कथनको आउँदो अंश जनाउनका लागि र 'त्यो' को प्रयोग पूर्ववर्ती अंश जनाउनका लागि गरिन्छ ।

सङ्कथन निदर्शनका सन्दर्भमा पूर्वसन्दर्भक (सङ्कथन सन्दर्भन) र सङ्कथन निदर्शकका बिचको भिन्नता बोध नगर्दा अन्यौलको स्थिति सिर्जना हुन सक्छ । वस्तुतः पूर्वसन्दर्भक पूर्वप्रयुक्त वस्तुलाई समान रूपमा वा हुबहु जनाउनका लागि प्रयोग गरिने सर्वनाम शब्दसँग सम्बन्धित रहेको हुन्छ । (जस्तै : भाइ आयो । ऊ गयो । यस वाक्यमा 'ऊ' लाई पूर्वसन्दर्भक मानिन्छ, जसले भाइलाई जनाएको छ) भने सङ्कथन निदर्शक भाषिक अभिव्यक्ति वा सङ्कथनको अंश वा टुक्रा जनाउने सर्वनाम शब्दसँग सम्बन्धित हुन्छ । जस्तै :

(क) मैले उसलाई कहिल्यै देखेको छैन । - I have never seen him.

(ख) त्यो झुट हो । – That is a lie. (लेभिन्सन, २०१०, पृ. ८७)

उल्लिखित उदाहरणमा सर्वनाम त्यो वा त्जबत पूर्वसन्दर्भकका रूपमा रहेको छैन । यसले पूर्वप्रस्तुत वाक्यलाई जनाएको पनि मानिँदैन । बरु पूर्वप्रस्तुत वाक्यमा निहित भनाइलाई जनाएको मानिन्छ । त्यसैले यस उदाहरणमा त्यो निदर्शकलाई सङ्कथन निदर्शक वा पाठ्यात्मक निदर्शक भनिन्छ । सङ्कथन निदर्शनमा यो, यी जस्ता निदर्शकले निकटस्थ विषयवस्तुलाई र त्यो, ती जस्ता निदर्शकले दूरस्थ विषयवस्तुलाई दर्साउँछन् ।

### *सामाजिक निदर्शन*

भाषिक अभिव्यक्ति वा उच्चारका सन्दर्भमा सम्बोधक र सम्बोधितका बिचको सामाजिक सम्बन्ध जनाउने कार्यलाई समाजिक निदर्शन भनिन्छ । "फिल्मोर (सन् १९७५,

पृ. ७६) का अनुसार भाषिक अभिव्यक्ति वा उच्चारमा व्यवहृत हुने सामाजिक परिवेशद्वारा निर्धारित निश्चित प्रकारका सम्बन्धलाई सामाजिक निदर्शन भनिन्छ" (लेभिन्सन, २०१०, पृ. ८९ मा उद्घृत) । यो सहभागीहरूको सामाजिक स्तर वा पहिचानमा आधारित हुन्छ । वस्तुतः सामाजिक सम्बन्ध विभिन्न वर्ग जस्तै : आदर, दर्जा, पेसा आदिमा आधारित हुन्छ । ब्राउन एन्ड लेभिन्सन (१९७८) का अनुसार "भाषा प्रयोगका धेरै सम्बन्धहरू यसमा आधारित हुन्छन्" (लेभिन्सन, २०१०, पृ. ८९ मा उद्घृत) । अभिव्यक्ति वा उच्चारमा सामाजिक सम्बन्ध दर्साउने निश्चित शब्दहरू हुन्छन् । ह्याच (सन् १९९४) का अनुसार "सामाजिक निदर्शन जनाउने शब्दका रूपमा तिमी, उनी, जस्ता सर्वनामका अतिरिक्त नाम, सर्वनाम र भाषाअनुसार क्रियापदको पनि प्रयोग हुन सक्छ" (पृ. २२१) । सामाजिक निदर्शनमा सम्बोधकको स्तर, हैसियत वा ओहोदालाई केन्द्र मानिन्छ ।

सामाजिक निदर्शन मानिसको स्तरअनुसार निर्धारित हुन्छ । यसले कुराकानीमा सहभागी व्यक्ति, वस्तु वा घटना आदिको सामाजिक सम्बन्ध दर्साउँछ । यो विभिन्न प्रस्तुतिका माध्यमबाट व्यक्त हुन्छ । यस प्रयोजनार्थ नेपालीमा तँ, तिमी, तपाई, हजुर आदिको प्रयोग गर्नुलाई यसको उदाहरण मान्न सकिन्छ । यसमा भाषिक अभिव्यक्ति वा उच्चारलाई समीपस्थ र दूरस्थ गरी वर्गीकरण गर्न भने सकिँदैन ।

ह्याच (पूर्ववत्) र लेभिन्सन (पूर्ववत्) का अनुसार सामाजिक निदर्शनका दुई आधारभूत प्रकार हुन्छन् : सापेक्ष सम्बन्धात्मक र निरपेक्ष सम्बन्धात्मक ।

**सापेक्ष सम्बन्धात्मक :** सापेक्ष सम्बन्धवाचकले सम्बोधक र सम्बोधितका बिच सामाजिक सम्बन्ध रहेको अवस्थालाई जनाउँदछ । यसमा सम्बोधक र सम्बोधितका बिच नातापातागत सम्बन्ध पनि रहन सक्छ । सापेक्ष सम्बन्धवाचक निदर्शन निरपेक्ष सम्बन्धवाचकभन्दा भिन्न रहेको छ किनकि सापेक्ष सम्बन्धवाचक शब्द वक्ता वा सम्बोधकसँगको व्यक्तिगत सम्बन्धमा आधारित हुन्छ, सामाजिक सम्बन्धसँग होइन । मेरो श्रीमान्, मेरा भान्जा, मेरा गुरु आदिको प्रयोगलाई सापेक्ष सम्बन्धवाचक निदर्शनको उदाहरण मान्न सकिन्छ ।

लेभिन्सन (पूर्ववत्) का अनुसार सापेक्ष र निरपेक्षमध्ये सम्बन्धिक सामाजिक निदर्शन (Relation Social Deixis) निकै महत्त्वपूर्ण रहेको छ । जुन खासगरी निम्न पक्षका बिच अभिव्यक्त हुन्छ :

| | |
|---|---|
| सम्बोधक र सन्दर्भ | (Speaker and Referent) |
| सम्बोधक र सम्बोधित | (Speaker and Adressee) |
| सम्बोधक र दर्शक | (Speaker and Bystander) |
| सम्बोधक र परिस्थिति | (Speaker and Setting) |

(लेभिन्सन, २०१०, पृ. ९०)

---

**निरपेक्ष सम्बन्धात्मक :** यसले सम्बोधक र सम्बोधितका बिच सामाजिक सम्बन्ध नरहेको अवस्थालाई जनाउँछ । त्यसैले यसमा औपचारिक तथा सम्बोधनात्मक भाषाको प्रयोग गरिन्छ । यो सम्बन्ध विशेषतः सामाजिक भूमिकामा आधरित हुन्छ । जस्तै : मिस्टर प्रेसिडेन्ट, डाक्टर साहेब आदि । निरपेक्ष सम्बन्धवाचक निदर्शक शब्दको प्रयोग गर्दा हामी व्यक्तिको ओहोदा वा पदलाई सम्बोधन गर्छौं व्यक्तिलाई होइन । "निरपेक्ष सम्बन्धवाचक शब्द पदमा मात्र सीमित नरही अन्य सन्दर्भमा पनि प्रयोग हुन सक्छ । जापानिजहरू सम्राट वा सम्राट परिवारलाई जनाउन वा तिनको बारेमा चर्चा गर्न उच्च तहको आदरार्थी प्रयोग गर्ने गर्छन्" (ह्याच, पूर्ववत्, पृ. २२०) । यसप्रकार सामाजिक निदर्शन सहभागीको सामाजिक भूमिकासँग सम्बन्धित रहेको देखिन्छ । साथै यो भाषानुसार निर्धारित हुने मानिन्छ ।

**(ख) सन्दर्भन**

भाषिक अभिव्यक्ति वा सङ्कथनमा व्यक्त वस्तु, व्यक्ति, विषय, स्थान, घटना वा सहभागी दर्साउने  कामलाई सन्दर्भन भनिन्छ । यसअन्तर्गत भाषिक उच्चारमा निहित, अनिहित सूचना वा जानकारी दर्साउन निश्चित भाषिक एकाइको प्रयोग गरिन्छ । जसलाई सन्दर्भक भनिन्छ ।

वास्तवमा "सन्दर्भन पाठका तत्त्व र अन्य केहीका बिचको सम्बन्ध हो । यसले निदर्शक एकाइका रूपमा (As a deictic) कार्य गर्दछ" (हालिडे र हसन, १९९१, पृ. ३०८) । भाषिक अभिव्यक्तिका सन्दर्भमा सन्दर्भक संसक्तिनिर्दिष्ट अर्थलाई त्यसको प्रयुक्तिगत परिवेशका आधारमा बोध गरिन्छ । कथ्य, लेख्य अभिव्यक्ति वा सङ्कथनमा कतिपय शब्द यस्ता हुन्छन् जसको अर्थ अरू शब्दसँग सम्बन्धित तुल्याएर वा सन्दर्भगत तत्त्वलाई देखाएर मात्र लगाउन सकिन्छ ।

सन्दर्भन त्यस्ता शब्दहरूको प्रयोगबाट सृजित हुन्छ, जसको आफ्नो अर्थ हुँदैन । यद्यपि तीबाट आर्थी सम्बन्ध भने कायम हुन्छ । "सन्दर्भकलाई वक्ता वा लेखकले श्रोता वा पाठकलाई केही चिज पत्ता लगाउन समर्थ तुल्याउनका निम्ति भाषाको प्रयोग गर्ने कार्यका रूपमा परिभाषित गर्न सकिन्छ" (युल, २००२, पृ. १३०) । भाषिक उच्चारमा सन्दर्भकलाई व्याकरणमा पत्ता नलाग्ने तर अर्थविज्ञानमा भेटिने आधारका रूपमा उल्लेख गरिएको पाइन्छ ।

सन्दर्भक एक किसिमले लाक्षणिक हुन्छ । सामान्यतया यसले समान चिजको पुनरागमनलाई निर्देश गर्दछ । "सन्दर्भकले पाठलाई एकीकृत गर्ने र मितव्ययी तुल्याउने दोहोरो उद्देश्य पूर्ण गर्दछ" (कुक, १९९६, पृ. १८) । यो आभिव्यक्तिक वा सङ्कथनसम्बद्ध विषयसँग सम्बन्धित हुन्छ । यसले प्रायशः हुन सक्ने विषयगत पुनरावृत्तिबाट बचाउने गर्दछ । सन्दर्भक वा प्रसङ्गपरक अध्ययनको सफलताका निम्ति  अनुमानको ठूलो भूमिका रहेको हुन्छ । हालिडे र हसन (सन् १९७६/१९९१) का अनुसार सङ्कथनमा सन्दर्भनको कार्य

सम्पादन गर्ने संसक्तिका पुरुषवाचक, दर्शकवाचक र तुलनात्मक गरी तीन प्ररूप हुन्छन् । यी तीन प्ररूपको चर्चा निम्नानुसार गरिएको छ :

### *व्यक्तिवाचक सन्दर्भक*

भाषिक अभिव्यक्ति वा सङ्कथनमा व्यक्ति, वस्तु स्थान वा विषय जनाउन आउने सन्दर्भकलाई व्यक्तिवाचक सन्दर्भक भनिन्छ । व्यक्तिवाचक सन्दर्भकको प्रयोग त्यसको भूमिकाजन्य आशयसँग सम्बन्धित हुन्छ । क्रेन (सन् २०००) का अनुसार "व्यक्तिवाचक सन्दर्भकले अभिव्यक्तिगत परिवेशका माध्यमबाट कार्यगत मार्गको व्यवस्था गर्दछ ।" यसका माध्यमबाट वक्ता, श्रोता वा विषयलाई जनाउने काम हुन्छ । यसप्रकार सङ्कथन, पाठ वा रचनामा व्यक्तिवाचक सन्दर्भकको भूमिकामा प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषवाचक सर्वनामको प्रयोग, व्यवहार गरिन्छ ।

भाषिक उच्चार वा साङ्कथनिक सन्दर्भमा पहिलो र दोस्रो पुरुष जनाउने भाषिक एकाइ वक्ता वा लेखक र श्रोता वा पाठकमा आधारित हुन्छन् । "प्रथम र द्वितीय पुरुष जनाउने भाषिक एकाइले पाठ वा रचनालाई पूर्णतया उल्लेख गर्न सक्दैनन् । साथै यी वक्ता-श्रोताको अभिव्यक्तिक कार्यका आधारमा मात्र व्याख्येय हुन्छन् भने तेस्रो पुरुष जनाउने सन्दर्भक संसक्तिका रूपमा व्यवहृत हुन्छन् । जसले पाठ वा रचनामा अगाडिपछाडि आउने भाषिक अवयवलाई पूर्वपश्च सन्दर्भकका रूपमा जनाउन सक्छन्" (हालिडे र हसन, १९९१, पृ. ४८) । भाषिक अभिव्यक्ति वा सङ्कथनमा व्यक्तिवाचक सन्दर्भक विशेषतः प्रयुक्त नाम वा नामिक समूह दर्साउन प्रयोग गरिन्छन् । जस्तै :

भाइ विद्यालय गयो । ऊ साँझ फर्कन्छ ।

उसको साथी ज्ञानी छ । त्यो ज्यादै परिश्रमी छ ।

रीता पाँच कक्षामा पढ्छिन् । उनी निकै सुन्दर छिन् ।

आमा बजार जानुभयो । उहाँले सामान किनेर ल्याउनुभयो ।

उल्लिखित उदाहरणमा रेखाङ्कन गरिएका 'ऊ', 'यो', 'उनी' र 'उहाँ' व्यक्तिवाचक सन्दर्भक हुन् । जसले पूर्ववर्ती वाक्यमा प्रयुक्त नाम शब्दलाई सन्दर्भित गरेका छन् ।

### *दर्शकवाचक सन्दर्भक*

भाषिक अभिव्यक्ति वा सङ्कथनमा प्रस्तुत व्यक्ति, वस्तु वा विषयको स्थान जनाउने सन्दर्भकलाई दर्शकवाचक सन्दर्भक भनिन्छ । यो शाब्दिक सङ्केतको त्यस्तो आवश्यकीय रूप हो जहाँ वक्ता/लेखकले सान्निध्यको तहअनुसार वस्तु वा विषयलाई त्यसको स्थानका आधारमा चिनाउँछन् । क्रेन (सन् २०००) का अनुसार दर्शकवाचक सन्दर्भकले स्थानका आधारमा सान्निध्य सन्दर्भको प्रयोगद्वारा सूचनामूलक मार्गको व्यवस्था गर्दछ । जस्तै : यो, त्यो, ती, यहाँ, त्यहाँ आदि । "दर्शकवाचक सन्दर्भक सार्वनामिक विशेषण वा निदर्शक र

समयवाची क्रियायोगी शब्दहरूका माध्यमबाट अभिव्यक्त हुन्छ । जसले एउटा सग्लो शब्द, पद, पदावली वा पाठको ठुलो भाग (अनुच्छेद वा पृष्ठसमेत) को प्रतिनिधित्व गर्न सक्छ" (नुनन, १९९३, पृ. २३) ।

दर्शकवाचक सन्दर्भकलाई स्थानगत अर्थबाट निर्माण हुने र निकटताका तहबाट सिर्जना हुने सन्दर्भकका रूपमा चर्चा गर्न सकिन्छ । "यसलाई छनोटका आधारमा निकट-दूर, एकवचनात्मक, बहुवचनात्मक, स्थानिक एवम् कालिक प्रारूपमा उल्लेख गर्न सकिन्छ" (हालिडे र हसन, १९९१, पृ. ५७) । दर्शकवाचक सन्दर्भकले शीर्ष वा विशेषकको भूमिकासमेत निर्वाह गर्न सक्छन् । यस सम्बद्ध केही दृष्टान्त निम्नानुसार प्रस्तुत गरिएको छ :

तिमीलाई म्यासेज गरेर हैरान पार्ने केटो आयो । यो केटालाई केही भन्नु छ ?

गतवर्ष सडक दुर्घटनामा परी मेरो साथीको निधन भयो । मलाई त्यस घटनाले निरन्तर घच्घचाइरहन्छ ।

सुनिता र विनिता दिदीबहिनी हुन् । यी दिदीबहिनीले राम्रोसँग अध्ययन गरिरहेका छन् ।

गौथलीले बारदैलीमा गुँड बनायो । त्यो गुँडमा फुल पारेर बच्चासमेत हुर्कायो ।

उल्लिखित उदाहरणमा रेखाङ्कित 'यो', 'त्यस', 'यी' र 'त्यो' दर्शकवाचक सन्दर्भक हुन् । जसले वाक्यमा आई निकटस्थ र दूरस्थ व्यक्ति वा वस्तुलाई निदर्शित गरेका छन् ।

### तुलनात्मक सन्दर्भक

भाषिक अभिव्यक्ति, पाठ वा रचनामा प्रस्तुत गरिएका व्यक्तिसम्बद्ध, वस्तुसम्बद्ध, स्थानसम्बद्ध, समय वा विषयसम्बद्ध तुलना जनाउने सन्दर्भकलाई तुलनात्मक सन्दर्भक भनिन्छ । यसले दुई वा दुईभन्दा धेरै वस्तु, व्यक्ति, प्राणी वा विषयको विशेषतालाई तुलना गर्ने काम गर्छ । हालिडे र हसन (सन् १९९१) का अनुसार तुलनात्मक सन्दर्भक तुल्य विशेषताका आधारमा दर्साइने अप्रत्यक्ष सन्दर्भ हो । जसलाई सामान्य तुलनात्मक सन्दर्भक र विशिष्ट तुलनात्मक सन्दर्भक गरी दुई प्रकारमा विभक्त गर्न सकिन्छ । हालिडे र हसन (पूर्ववत्) का अनुसार यसको सामान्य प्रकारअन्तर्गत पहिचानात्मक (समान, बराबर आदि), समानार्थी (उस्तै, त्यस्तै आदि) र विपरीतार्थी (भिन्न, अरू भिन्न आदि) तुलना पर्दछन् भने विशिष्ट प्रकारअन्तर्गत परिमाणबोधक (धेरै, थोरै, बराबरी आदि) र गुणबोधक (राम्रो, बराबर राम्रो आदि) तुलना पर्दछन् ।

तुलनात्मक सन्दर्भक मुख्यतः पूर्वप्रस्तुत तुल्य सन्दर्भ जनाउनका लागि र अंशतः पश्चप्रस्तुत सन्दर्भनका लागि प्रयोग गरिन्छ । यसअलावा यसको प्रयोग सम्बन्धित अभिव्यक्ति वा पाठबाहेकको बाह्य सन्दर्भनका निम्ति गरिन्छ । "यस सन्दर्भकमा विशेषण र क्रियाविशेषणका निश्चित प्रकारबाट सामान्य तुलनाको अभिव्यक्ति हुन्छ भने मात्राबोधक र गुणबोधक शब्दबाट विशिष्ट तुलनाको अभिव्यक्ति हुन्छ" (नुनन, सन् १९९३, पृ. २३) ।

तुलनात्मक सन्दर्भकअन्तर्गत समान, त्यस्तै, फरक, धेरै, उस्तै, कठिन, केही उस्तै, भिन्न, त्यस्तै, उच्चतर, लघुतर, बराबर राम्रो, लघुतम आदि शब्दहरूको प्रयोग गरिन्छ। यी विभिन्न शब्दहरूले भाषिक अभिव्यक्ति, पाठ वा रचनामा व्याकरणिक संसक्तिको कार्य सम्पादन गर्छन् । यस सन्दर्भकका केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

नम्रता सुन्दर छे। विनिता त्योभन्दा सुन्दर छे।

भरत खराब छ। त्यसको भाइ अझ खराब छ।

लौकिक संसार जीवन रहुन्जेलको स्थायी आवास हो । अलौकिक संसार जीवन सकिएपछिको चिरस्थायी आवास हो।

उल्लिखित उदाहरणहरूमा रेखाङ्कित पद, पदावलीहरूले तुलनात्मक सन्दर्भनको कार्य सम्पादन गरेका छन्। फलस्वरूप अन्तर्वाक्यीय संरचना सुसंयोजित हुन पुगेको छ।

उल्लिखित समग्र प्रकारहरूलाई सन्दर्भनका प्रकार मानिन्छ।

भषिक अभिव्यक्ति, सङ्कथन वा रचनामा प्रयोगव्यवहार गरिने सन्दर्भकको अर्थ पाठमा आधारित भएर वा पाठबाहिर पुगेर ग्रहण गर्न सकिन्छ। यस आधारमा सन्दर्भकलाई निम्नानुसार दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

### *अन्तः सन्दर्भक*

सङ्कथन, पाठ वा रचनामा पहिले नै व्यक्त गरिएको वा पछि व्यक्त गरिने कुनै व्यक्ति, घटना, कार्य वा विषय दर्साउने सन्दर्भक संसक्तिलाई अन्तः सन्दर्भक संसक्ति भनिन्छ। अन्तः सन्दर्भक संसक्तिद्वारा व्यक्त गरिने अर्थलाई भाषिक अभिव्यक्ति, पाठ वा रचनाबट अधिगत गर्न सकिने हुनाले यसलाई पाठमा आधारित सन्दर्भक पा पाठान्तरिक सन्दर्भक पनि भन्ने गरिन्छ। यसअन्तर्गत सन्दर्भकका विभिन्न प्रकार : व्यक्तिवाचक सन्दर्भक, दर्शकवाचक सन्दर्भक र तुलनात्मक सन्दर्भक समेटिएको पाइन्छ । यसलाई पूर्वसन्दर्भक र पश्चसन्दर्भक गरी निम्नानुसार दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

### *पूर्वसन्दर्भक*

भाषिक अभिव्यक्ति, सङ्कथन, पाठ वा रचनामा पहिले नै व्यक्त गरिएका व्यक्ति, वस्तु वा घटनालाई दर्साउने सन्दर्भकलाई पूर्वसन्दर्भक भनिन्छ। यसलाई अग्रसन्दर्भक पनि भनिएको पाइन्छ। पूर्वसन्दर्भकले व्यक्त विषयवस्तुको बोधका लागि पूर्वप्रस्तुत विषयवस्तुतर्फ श्रोता वा पाठकलाई अग्रसर हुन निर्देश गर्दछ। जस्तै :

सरोज किसान हो। ऊ कृषि कर्ममा व्यस्त छ।

प्रस्तुत उदाहरणमा रेखाङ्कन गरिएको 'ऊ' पूर्वसन्दर्भक हो।

*पश्चसन्दर्भक*

भाषिक अभिव्यक्ति, सङ्कथन, पाठ वा रचनामा पहिले नै व्यक्त गरिएका वस्तु, प्राणी, व्यक्ति वा घटना जनाउने सन्दर्भकलाई पश्चसन्दर्भक भनिन्छ । पश्चसन्दर्भकले पछि आउने विषय सन्दर्भलाई जनाउने भएकाले यसलाई उत्तरसन्दर्भक पनि भनिएको पाइन्छ । यसको बोधका लागि पछि आउने आशय वा अभिव्यक्तिलाई पहिले प्रस्तुत गरिएको सन्दर्भकसँग सम्बन्धित तुल्याउनुपर्ने हुन्छ । यसले अभिव्यक्ति वा रचनाका श्रोता वा पाठकलाई व्यक्त अर्थ बोधका निम्ति अभिव्यक्तिको पछिल्लो भागतर्फ अभिमुख हुन अभिप्रेरित गर्छ । जस्तै :

उसले विदेश गएर मनग्य धन कमाएको थियो । त्यसैले हरिनाथ सुखी र खुसी छ ।

यस उदाहरणमा प्रयोग गरिएको 'उसले' शब्द पश्चसन्दर्भक हो ।


*बहिः सन्दर्भक*

भाषिक अभिव्यक्ति वा पाठबाहिरको सन्दर्भ वा प्रसङ्ग दर्साउन आउने सन्दर्भकलाई बहिः सन्दर्भक भनिन्छ । यसबाट व्यक्त अभिप्राय कथ्य वा लेख्य भाषिक रूपमा देख्न सकिँदैन । त्यसैले यसलाई अभिव्यक्तिइतरको सन्दर्भक वा पाठेतर सन्दर्भक पनि भनिन्छ । यसको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

यो ज्यादै सुन्दर रहेको छ ।  - 'त्यो ज्यादै आकर्षक रहेको छ ।'

उल्लिखित वाक्यमा प्रयुक्त 'यो' र 'त्यो' सन्दर्भकलाई बहिः सन्दर्भकका उदाहरण मानिन्छ । त्यस्तै झरनालाई देखाएर प्रस्तुत गरिएको वाक्य : 'त्यो नियाल्दै गर ।' वाक्मा प्रयुक्ते 'त्यो' लाई समेत बहिः सन्दर्भक वा पाठेतर सन्दर्भकको उदाहरण मान्न सकिन्छ ।

सन्दर्भनसम्बद्ध उपर्उल्लिखित प्ररूपहरूलाई देहायबमोजिमको चित्रमा प्रस्तुत गर्न सकिन्छ :



## निष्कर्ष

उल्लिखित तथ्यका आधारमा अध्ययन विश्लेषण गर्दा प्रकरणार्थविज्ञान भाषा प्रयोगको प्रसङ्गपरक अध्ययन, विश्लेषणमा आधारित प्रायोगिक भाषाविज्ञानको नवीन शाखाका रूपमा देखा पर्छ । यसका आधारभूत अवधारणाका रूपमा निदर्शन, सन्दर्भन, प्रतिज्ञप्ति, पूर्वअवधारणा, निहितार्थ, अभिव्यञ्जनालगायत रहेका छन् । निदर्शन र सन्दर्भन भाषा प्रयोगका सन्दर्भमा कुनै वस्तु, व्यक्ति, विषय, घटना वा अवस्था जनाउन प्रयोग गरिने भाषिक युक्तिका रूपमा व्यवहृत हुने गर्छन् । निदर्शनअन्तर्गत  समीपस्थ निदर्शन, दूरस्थ निदर्शन, व्यक्ति निदर्शन, स्थान निदर्शन, समय निदर्शन, सङ्कथन निदर्शन, सामाजिक निदर्शनलगायतका प्ररूप र सन्दर्भनअन्तर्गत व्यक्तिवाचक सन्दर्भन, दर्शकवाचक सन्दर्भन र तुलनात्मक सन्दर्भन, अन्तः सन्दर्भन, बहिः सन्दर्भनजस्ता प्ररूप रहेका छन् । भाषा प्रयोगका सन्दर्भमा प्रकरणपरक अभिव्यक्तिको सन्दर्भ, काल वा क्षण, भाषिक प्रयोक्ताको स्तर, मनसायका अतिरिक्त निर्देशक एवम् सन्दर्भक एकाइका बारेमा आवश्यकीय ज्ञान हुनुपर्ने देखिन्छ । यस किसिमको ज्ञानले भाषिक सञ्चार, व्यक्त अभिव्यक्तिको आशय बोध, र विचार आदानप्रदानमा गतिशीलता पैदा हुन्छ । फलस्वरूप भाषिक प्रयोग व्यवहारले अपेक्षाकृत सार्थकता पाउँछ । समग्रतः प्रस्तुत अध्ययन प्रकरणार्थविज्ञानका क्षेत्रमा गहन अध्ययन, अन्वेषण गर्न चाहने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ताका लागि लाभदायी हुने देखिन्छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख तयारीका क्रममा प्रत्यक्ष र परोक्ष सहयोग प्राप्त भएको छ । यस क्रममा पूर्वीय र पाश्चात्य विद्वान्हरूका लेखरचना तथा कृतिहरूको उपयोग गरिएको छ । जसका रचनाकारप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । त्यसैगरी यस लेखको मिहिन मूल्याङ्कन गरी आवश्यकीय सुधारका लागि सुझाव उपलब्ध गराउनुहुने विषयविज्ञहरूप्रति आभार प्रकट गर्न चाहन्छु । यस लेखलाई प्रकाशनको अवसर प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय, अनुसन्धान निर्देशनालयप्रति कृतकृत्य छु ।

## सन्दर्भसूची

Cook, G. (1996). *Discourse*. Oxford University Press.

Cook, G. (2003). *Applied Linguistics*. Oxford University Press.

Crane, P.A. (2000). Texture in Text: A Discourse Analysis of a News Article Using Halliday and Hasan's Model of Cohesion. https://www.academia.edu/76161671/

Cutting, J. (2008). *Pragmatics and Discourse*. Routeledge.

Demirezen, M. (1991), Pragmatics and Language Teaching. *Hacettepe Universitesi Egltim Fakultesi Dergisi*. 6, pp. 281-287.

Halliday, M.A.K. and Hasan, R. (1976). *Cohesion in English*. Longman.

Halliday, M.A.K. and Hasan, R. (1991). *Language Context and Text: Aspect of Language in a Social Semiotic Perspective*. Oxford University Press.

Hatch, E. (1994), Discourse and Language Education. Cambridge University press.

Kasper, G. and Rose, K.R. (2001). *Pragmatics and Language Teaching*. Cambridge University Press.

Levinson, S.C. (2010). *Pragmatics*. Cambridge University Press.

Leech, G. (1983). *Principles of Pragmatics.* Longman.

Mey, J.L. (1993). *Pragmatics*. Blackwell.

Mishra, C. and Singh, R. K. (2011). *Pragmitics and Discourse Analysis*. Gyankunja Prakashan.

Nevis, D. M. (2013). The Role of Pragmatics in English Language Teaching Pragmatics Competence, *Academic Journal of Interdisciplinary Studies,* 2 (4), pp. 63-69.

Nunan, D. (1993). *Introducing Discourse Analysis*. Penguin Books.

Rose, K. R and Kasper, G. (2001). Pragmatics in Language Teaching. Cambridge University Press.

Sharma, B. (2011). Readings in Pragmatics and Discourse Analysis. Sunlight Publication.

Surah, M. N (2019), A Stylistic Analysis Suheir Hammad's What I Will, *Russian Linguistics Bulletin,* 3 (19), pp 25-30.

wales, K. (2001). *A Dictionary of Stylistics,* Longman.

Yule, G. (2002). *Pragmatics*. Oxford University Press.